## बरहथवा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०८१

पृष्ठभूमि :

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्थानीय तहहरुको एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्वन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न बरहथवा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०८१ तर्जुमा गरिएको छ ।

### परिच्छेद - १

### उद्देश्य, संक्षिप्त नाम र परिभाषा

**१. कार्यविधिको उद्देश्य :-**

बरहथवा नगरपालिकाको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गर्नु यस नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०८१ को उद्देश्य हुनेछ । यस कार्यविधिले सामाजिक परीक्षणको व्यवस्था नगरपालिकाले अनिवार्य रूपमा लागू गर्नका लागि परीक्षण विधिलाई सरलीकृत गर्न, प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक प्रक्रियामा एकरूपता ल्याउन र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्न सहयोग पुऱ्याउनेछ ।

**२. संक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यविधिको नाम "बरहथवा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०८१" रहनेछ ।

२. यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**३. परिभाषा**

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) "आर्थिक नियमावली" भन्नाले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ लाई सम्झनु पर्दछ ।

ग) "नगरपालिका" भन्नाले बरहथवा नगरपालिकालाई सम्झनु पर्दछ ।

घ) "सभा" भन्नाले बरहथवा नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

ङ) "प्रमुख" भन्नाले बरहथवा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।



Scanned with CamScanner

च) "मन्त्रालय" भन्नाले नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जनाउँछ ।

छ) "उपभोक्ता समिति" भन्नाले बरहथवा नगरपालिकाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउँछ ।

(ज) "सामाजिक परीक्षण" भन्नाले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ र बरहथवा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०८१ मा उल्लेख भए अनुसारको सामाजिक जिम्मेवारी तथा कार्यसम्पादनको लेखाजोखा सम्झनु पर्छ ।

(झ) "सार्वजनिक परीक्षण" भन्नाले सार्वजनिक परीक्षण कार्यविधि, २०७७ बमोजिम विकास कार्यक्रममा भएको लगानीको लेखाजोखा सम्झनु पर्छ ।

(ञ) "गैर सरकारी संस्था" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र नगरपालिकाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफा मूलक संस्था सम्झनु पर्छ ।

(ट) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा नगरपालिकामा सूचिकृत भएको समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

(ठ) "योजना" भन्नाले नगरको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको आवधिक नगर विकास योजना, वार्षिक नगर विकास योजना, क्षेत्रगत योजना र यस्तै प्रकारका अन्य योजनालाई सम्झनु पर्छ ।

(ड) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा वहुक्षेत्रगत कार्यक्रम सम्झनु पर्छ ।

(ढ) "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्य क्षत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजना सम्झनु पर्छ ।

(ण) "अनुदान" भन्नाले नेपाल सरकारबाट नगरपालिकालाई प्राप्त हुने निःशर्त तथा सशर्त अनुदान, विभिन्न मन्त्रालय, कार्यक्रम, कोष र दातृ निकायबाट उपलब्ध हुने वित्तीय,



Scanned with CamScanner

प्राविधिक एवं वस्तुगत सहयोग समेत सम्झनु पर्छ ।

(त) "लक्षित समूह" भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु (सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, भिन्न क्षमता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्छ ।

थ) "सार्वजनिक निजी साझेदारी" भन्नाले स्थानीय तह वा ती तहहरुको समूह र प्रचलित कानून बमोजिम करार गर्न योग्य कानूनी व्यक्ति बीच यस कार्यविधिमा व्यवस्था भए बमोजिमको सेवा प्रदान गर्ने र त्यसको जोखिम संयुक्त रुपले वहन गर्ने गरी भएको करार व्यवस्था सम्झनु पर्छ ।

द) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

ध) "वडा नागरिक मञ्च" भन्नाले कुनै पनि ठूला समूहका सदस्य नभएका वञ्चित समुदायको घर परिवारको आवाज व्यक्त गर्नका लागि विपन्न, गन्यमान्य र स्थानीय संघ संस्थाका सक्रिय प्रतिनिधिहरु रहेको गठित समूहलाई जनाउँछ ।

न) "सार्वजनिक सुनुवाइ" भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय तहका पदाधिकारीहरु वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रकियालाई जनाउँछ ।

प) "नागरिक वडापत्र" भन्नाले स्थानीय तहले उपलब्ध गराउने विभिन्न सेवा तथा सुविधाको नाम, विवरण, समयावधि, जिम्मेवार कर्मचारी कार्यकक्षको विवरण सेवा प्राप्त गर्न पुऱ्याउनु पर्ने प्रक्रिया, लाग्ने शुल्क दस्तुरका साथै सेवा अवरुद्ध भएमा उजूरी सुन्ने अधिकारी उल्लेख गरी सर्वसाधारणलाई सुसूचित गर्न सार्वजनिक स्थल वा कार्यालयमा टाँगिएको वा टाँसेर राखिएको वाचापत्रलाई जनाउँछ ।

फ) "विकास साझेदार" भन्नाले नेपाल सरकार वा नगरपालिकासँग भएको सम्झौता वा सहकार्य गर्ने द्विपक्षीय एवं वहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरु,



Scanned with CamScanner

अन्तर्राष्ट्रिय गैर सरकारी संस्था लगायत गैरसरकारी संस्था, निजी क्षेत्र तथा सामुदायिक संस्था समेतलाई सम्झनु पर्दछ ।

व) "बहिर्गमन अभिमत" (Exit Poll) भन्नाले नागरिक बडापत्रद्वारा गरिएका वाचा बमोजिम सेवाग्राहीले सेवा सुविधाको प्राप्तिपछि कार्यालयबाट बाहिर निस्किने समयमा त्यस्तो सेवा सुविधाको विषयमा लेखी वा लेखाइदिएको अभिमत वा सुझावलाई जनाउँछ ।

भ) "नागरिक प्रतिवेदन पत्र" (Citizen Report Card) भन्नाले सेवाग्राही नागरिकले सार्वजनिक सेवा प्रदायक संस्थाहरुबाट सेवा लिँदा प्रत्यक्ष अनुभव गरेका, भोगेका र देखेका कुराहरुलाई उल्लेख गरी सेवा प्रदायक संस्थालाई पृष्ठपोषण गर्ने पद्धतिलाई जनाउँछ ।



Scanned with CamScanner

## परिच्छेद -२
## सामाजिक परीक्षण सम्बन्धी संस्थागत व्यवस्था

**४.सामाजिक परीक्षण सम्बन्धी संस्थागत व्यवस्था**

४.१ बरहथवा नगरपालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नु पर्दछ । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै नगरपालिकालाई ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार सञ्चालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकलाई आधारमानी लेखाजोखा गर्नु पर्नेछ । सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ । तर कुनै कार्यकम/आयोजना विशेषको थप सामाजिक परीक्षण गर्नको लागि यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

४.२ बरहथवा नगरपालिकासँग प्रत्यक्ष सम्वन्ध नभएका दुई विज्ञको समुहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा नियुक्त गर्नेछ । कुनै परामर्शदाता संस्था, कम्पनी वा फर्मलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिने छ । संस्था वा कम्पनीलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिँदाको अवस्थामा उक्त संस्थासँग निर्धारित योग्यता भएको विज्ञ उपलब्ध भएको हुनु पर्नेछ । निजहरूको कार्य विवरण र योग्यता अनुसूची-१ मा उल्लेख गरिएको छ ।

४.३ सामाजिक परीक्षण कार्यको समन्वय तथा सामाजिक परीक्षकलाई सहयोग गर्न आवश्यक देखिएमा वरहथवा नगरपालिकाको निम्नानुसारको सामाजिक परीक्षण समन्वय समिति गठन गर्न सक्नेछ :-

**४.३.१ बरहथवा नगरपालिकाको समितिको हकमा**

क. बरहथवा नगरपालिकाको नगर प्रमुख वा कार्य गर्न तोकिएको व्यक्ति : संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत : सदस्य

ग. महिला विकास शाखा प्रमुख : सदस्य

घ. स्थानीय गैसस वा सामुदायिक संस्था वा उपभोक्ता समितिको एक जना प्रतिनिधि : सदस्य ङ. स्थानीय उद्योग वाणिज्य संघवाट एक जना प्रतिनिधि : सदस्य



Scanned with CamScanner

च. यस समितिले तोकेको विषयगत शाखाको प्रमुख : सदस्य

छ. सामाजिक विकास अधिकृत : सदस्य-सचिव

**४.३.२ वडाको हकमा :-**

वडा कार्यालयले समेत यस कार्यविधि अनुसारको सामाजिक परीक्षण गर्न सक्नेछ । सामाजिक परीक्षण कार्यमा सहयोग गर्न वडा कार्यालयले निम्नानुसारको समन्वय समिति गठन गर्न सक्नेछ :

क. वडा अध्यक्ष वा अध्यक्षको कार्य गर्न तोकिएको व्यक्ति : संयोजक

ख. कृषि सेवा केन्द्र प्रमुख : सदस्य

ग. पशु सेवा केन्द्र प्रमुख : सदस्य

घ. स्वास्थ्य केन्द्रका प्रतिनिधि : सदस्य

ङ. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट वडाले छानेको १ जना अध्यक्ष :सदस्य

च. वडा सचिव : सदस्य-सचिव

तर, नगरपालिकामा यस्तो समिति गठन नभएको अवस्थामा समेत परामर्शदाता वा विज्ञ (सामाजिक परीक्षक) मार्फत नगरपालिका र विषयगत शाखाका कर्मचारीहरूको सहयोगमा सामाजिक परीक्षण कार्य संचालन गर्ने छन् ।



Scanned with CamScanner

## परिच्छेद - ३
## सामाजिक परीक्षण विधि र प्रतिवेदन

**५. परीक्षण विधि**

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरी पूरा गर्नुपर्नेछ : **५.१ सन्दर्भ सामाग्री अध्ययन र समिक्षा**

सामाजिक परीक्षकले सन्दर्भ सामाग्रीको रूपमा नगरपालिका सम्वन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, नगरपालिकाको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत शाखाहरूको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्वन्धी अभिलेख तथा सूचना, नागरिक वडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाई प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गत बर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवस्यक सामाग्रीको अध्ययन गर्नु पर्नेछ । त्यस्ता सामाग्रीहरुको अध्ययन पश्चात नगरपालिकाले सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्वन्धमा समिक्षा र विश्लेषण गर्नु पर्नेछ ।

**५.२ अन्तर्वार्ता, स्थलगत निरीक्षण, अवलोकन र समूह छलफल**

सामाजिक परीक्षकले निम्न सूचकहरूका आधारमा बरहथवानगरपालिकाको पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुखसँग अर्ध संरचित (Semi-structured) अन्तर्वार्ता लिनुपर्नेछ । अन्तर्वार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्वन्धित कर्मचारीहरूको सानो समूह वनाई समूह छलफल गर्नु गराउनु पर्नेछ । आवश्यकता अनुसार स्थलगत निरिक्षण र अवलोकन गरी सामाजिक कार्यसम्पादनको अवस्था सुनिश्चित गर्नु पर्नेछ । यस क्रममा सामाजिक जिम्मेवारी बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन (अनुसूची-२ र ३) वमोजिम तयार गर्नु पर्नेछ ।

**६. प्रतिवेदन प्रस्तुति तथा छलफल :-**

अनुसूची २ र ३ मा उल्लिखित ढाँचामा आधारित प्रतिवेदन देहाय अनुसारको शिर्षकमा केन्द्रीकृत रही छलफलको लागि प्रस्तुत गर्नु पर्नेछ ।

- कार्यक्षेत्रको परिचय
- नगरपालिकाको प्राथमिकता तथा लक्ष्यहरू
- गत वर्षको मुख्य मुख्य उपलब्धिहरू
- यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकहरू को आधारमा प्रस्तुत गर्ने ) :
- .सामाजिक जिम्मेवारी वहन गर्ने क्षमता



Scanned with CamScanner

- समस्याहरू
- सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

७) प्रतिवेदन तयारी

छलफलमा उठेका सुझाव तथा निर्णयहरू र कार्य योजना सहित प्रतिवेदन (अनुसूची-४) बमोजिम तयार गर्नु पर्नेछ ।

८) सामाजिक परीक्षणमा समावेश गराउनुपर्ने

विषयगत शाखाहरू र नगरपालिकाको वार्षिक कार्यक्रम/आयोजनामा समावेश भएका गैर सरकारी संस्थाहरूको हकमा नगरपालिकाको अभिन्न अंगको रूपमा सामाजिक परीक्षणमा समावेश गर्नुपर्नेछ ।

९. सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतीको तयारी

९.१ अनुसूची २ र ३ अनुसारको प्रतिवेदन स्थानीय भेलामा प्रस्तुत गरिनेछ ।

९.२ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित हुन नगरपालिका प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरिक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, वडा नागरिक मन्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू आदि) सँग अन्तरक्रियाका लागि आह्वान गर्नु पर्नेछ।

९.३ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रममा सहभागी हुन उपलब्ध सञ्चारका माध्यमहरूद्वारा सर्वसाधारण नागरिकलाई समेत आमन्त्रण गर्नु पर्नेछ ।

९.४ भेला नगरपालिका प्रमुखको अध्यक्षतामा बस्नेछ ।

१०. सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम संचालन विधि :-

१०.१ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका राख्नु पर्नेछ । उक्त पुस्तिकामा सहभागीहरूको नाम, पद, ठेगाना तथा प्रतिनिधित्व गरेको संस्था उल्लेख हुनु पर्नेछ ।

१०.२ कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालन विधि, समय र आचार संहितावारे जानकारी दिनुपर्नेछ ।

१०.३ सामाजिक परीक्षकले अनुसूची-२ र अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गर्नेछ ।

१०.४ प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण नगरपालिकाको तर्फवाट कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमवाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नुपर्दछ :-



Scanned with CamScanner

- नगरपालिकाको गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव सुचकको आधारमा,
- नगरपालिकाको गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति नगरपालिकाले समयमा सेवा सुविधा दिन सेवा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू,
- नगरपालिकाको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता,
- बालबालिका, महिला, दलित, जनजाति ,गरिब, जेष्ठ नागरिक तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता,
- वरहथवा नगरपालिकाबाट दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर,
- सामाजिक उत्तरदायित्व पूरा गर्न नगरपालिकाको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू,

१०.५ सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षण नगरपालिकाका पदाधिकारीहरू तथा सामाजिक परीक्षकले टिपोट गरी राख्नुपर्दछ। सहभागीले राखेका जिज्ञासा तथा विचारमा नगरपालिका तथा सामाजिक परीक्षकले स्पष्ट पार्नु पर्नेछ।

१०.६ सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परीक्षकले सार संक्षेप तयार प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

वरहथवा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वरहथवा, सर्लाही
मधेश प्रदेश
२०७३



Scanned with CamScanner

## परिच्छेद - ४
## प्रतिवेदन कार्यान्वयन

**११. प्रतिवेदन पेश गर्नुपर्ने :-**

सामाजिक परीक्षकले सामाजिक प्रतिवेदन (अनुसूची-४) नगरपालिका प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

**१२. प्रतिवेदन सार्वजनिक गर्नुपर्ने :-**

नगरपालिकाको सो प्रतिवेदन नगरसभामा पेश गरी मूख्य मूख्य बुँदाहरूलाई (सकारात्मक तथा सुधारात्मक) विश्लेषण गरी सार्वजनिक गर्नु पर्नेछ । सामाजिक परीक्षण प्रतिवेदनले औंल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न नगरपालिकाले नीतिगत निर्णय गर्न सक्नेछ ।



Scanned with CamScanner

## परिच्छेद -५
## आचार संहिता

**१३. आचार संहिता :-**

सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न अनुसारका आचार संहिता पालना गर्नु पर्दछ :-

- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।
- तथ्यांङ्ग र सूचनाको आधारमा रही विचार राख्ने ।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने ।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने ।

**१४. कागजात उपलब्ध गराउनु पर्ने**

सामाजिक परीक्षकले मागेको विवरण तथ्यांङ्ग, सूचना तथा कागजात नगरपालिका, विषयगत शाखा, गै.स.स. तथा अन्य संस्थाले उपलब्ध गराउनु पर्नेछ ।



Scanned with CamScanner

## परिच्छेद - ६

## विविध

**१५. गैसस तथा अन्य सार्वजनिक संस्थाहरूको सामाजिक परीक्षण कार्यविधि :-** गै.स.स. तथा अन्य सार्वजनिक संस्थाहरूले पनि सामाजिक परीक्षण गर्दा यस कार्यविधिको प्रयोग गर्न सक्नेछ। सो गर्न गरांउन नगरपालिकाले समन्वय र सहयोग गर्नु पर्नेछ।

**१६. थपघट र हेरफेर :-** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि मन्त्रालयले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ।



Scanned with CamScanner

## अनुसूची -१
## (वुदा ४.२ सँग सम्वन्धित )
## सामाजिक परीक्षक सम्वन्धी व्यवस्था

नगरपालिकाले एक वर्ष सम्म सम्पादन गरेका कामहरूबाट के कति सामाजिक विकास भयो अथवा नगरपालिकाको सामाजिक जिम्मेवारी पुरा गर्न सम्पादन भएका कामहरू, उपलब्धिहरू र प्रभावहरूको लेखाजोखा गरी प्रतिवेदन पेश गर्न सामाजिक परीक्षकको रूपमा प्रत्यक्ष दुई बिज्ञको समुहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा नियुक्त गर्नेछ । संस्था वा कम्पनीलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिने छ । संस्था वा कम्पनीलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिदाको अवस्थामा निर्धारित योग्यता भएको मानव श्रोत भएको हुनु पर्नेछ ।

**१. सामाजिक परीक्षकको योग्यता :-**

- नगरपालिकाको हकमा स्नातकोत्तर तथा वडाको हकमा स्नातकोत्तर वा स्नातक भई सम्वन्धित क्षेत्रमा अनुभव,
- सामाजिक परीक्षण सम्वन्धी अनुशिक्षण प्राप्त,
- नगरपालिकाको कार्यक्रम वा आयोजनामा प्रत्यक्ष सलंग्न नरहेको,

**२ पारिश्रमिक :-**

सामाजिक परीक्षकका लागि नगरपालिकाको हकमा बढीमा ३० र वडाको हकमा १५ दिनको कार्य दिन तय गरी नगर आर्थिक नियमावली अनुसार सेवा पारिश्रमिक तय गर्न सकिनेछ ।

**३. सामाजिक परीक्षकका कामहरू :-**

सामाजिक परीक्षणका कामलाई ३ चरणमा विभाजन गरिएको छ ।

क) तयारी

यस चरणमा निजले बाह्य वा आन्तरिक रूपमा सूचना संकलन गर्नु पर्नेछ । सामाजिक परीक्षकले सन्दर्भ सामाग्रीको रूपमा नगरपालिका सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, नगरपालिकाको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना, सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक वडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गत बर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवश्यक सामाग्रीको अध्ययन गर्नु पर्नेछ ।

ख) विवरण तयारी तथा प्रस्तुती

नगरपालिकाको सामाजिक कार्यसम्पादनका विषयमा स्पष्ट भएपछि नगरपालिकाका

पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, तथा जिम्मेवार कर्मचारीसँग अर्धसंरचित ( Semi Structure) अन्तर्वार्ता लिनुपर्नेछ । अन्तर्वार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गर्नु पर्नेछ । तिनीहरूको सम्पादनको अवस्था प्रमुख समस्या, चुनौती र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी सो समेत अनुसूची-२ र ३ अनुसारको विवरण तयार गर्नु पर्नेछ । अन्त्यमा सम्पूर्ण सरोकारवालाको भेलामा सो विवरण प्रस्तुत गरी छलफल गर्नु पर्नेछ ।

ग) प्रतिवेदन चरण

सरोकारवालाको भेला पश्चात् सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गर्नु पर्नेछ । भेलामा उठेका सुझाव तथा निर्णयहरू र कार्ययोजना सहित भेला अध्यक्षलाई प्रतिवेदन वुझाउनु पर्नेछ ।



Scanned with CamScanner

## अनुसूची-२

(बुँदा १०.३ सँग सम्वन्धित)

बरहथवा नगरपालिकाको सामाजिक परीक्षकको प्रतिवेदन

(बृहत छलफलमा प्रस्तुत गरिने)

१. नगरपालिकाको परिचय (बुँदागत रूपमा लेख्ने)

२. नगरपालिकाको प्राथमिकता तथा लक्ष्यहरू (बुँदागत रूपमा लेख्ने) :

३. गतवर्षको मुख्य मुख्य उपलब्धिहरू (बुँदागत रूपमा लेख्ने) :

४. यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकको रूपमा प्रस्तुत गर्ने) :

५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | | | |
| ५ वर्ष मुनीका वालबालिकाको प्रतिशत (%) | | | |
| खोपमा पहुँच भएको जनसंख्या (एक बर्ष मुनिका वालबालिकाको आधारमा) | | | |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या (प्रतिशतमा) | | | |
| दक्ष प्रसुतीकर्मीवाट प्रसुति गरिएका महिलाको संख्या | | | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | | | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | | | |
| शिक्षा | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | | | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | | | |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समुहका बालबालिका संख्या/प्रतिशत | | | |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | | | |
| प्राथमिक तहमा कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | | |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | | | |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| नगरपालिकाबाट निर्मित विद्यालय कोठा संख्या | | | |
| दलित बालबालिकाको शिक्षामा पहुँच | | | |
| खानेपानी तथा सरसफाई | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | | | |
| शौचालय भएको संख्या वा प्रतिशत (%) | | | |

| | | | |
|---|---|---|---|
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालयको संख्या | | | |
| शौचालय भएको परिवार संख्या | | | |
| सुधारिएको चुलो भएको परिवार संख्या | | | |
| बालबालिका, महिला तथा समावेशी क्षेत्र | | | |
| बाल विवाहको संख्या | | | |
| सामाजिक विकृति, विसंगति | | | |
| सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाति) | | | |
| जनचेतना तथा गरिवी निवारण | | | |
| बाल श्रमको अवस्था | | | |
| बाल क्लवहरूको अवस्था | | | |
| महिला हिंसा | | | |
| रोजगारीको अवस्था | | | |
| स्वरोजगारका प्रयासहरू | | | |
| गरिवी निवारणका प्रयासहरू | | | |
| सामाजिक परिचालन | | | |
| वातावरण सुधारका प्रयासहरू | | | |
| एच.आई.भि र एड्स | | | |
| विकासमा समान सहभागिता सेवाहरूमा पहुँच | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | | | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| कृषि सेवा केन्द्र जान लाग्ने समय | | | |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा | | | |
| सिमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | | | |
| **सँस्थागत क्षमता** | | | |
| जनशक्ति | | | |
| नीति तथा कार्यक्रम | | | |
| भौतिक व्यवस्था | | | |
| समन्वय र सहकार्यका प्रयासहरू | | | |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | | | |

५. गत वर्षमा भोगेका समस्याहरू (बुँदागत रूपमा लेख्ने) :

६. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव (बुँदागत रूपमा लेख्ने) :

सामाजिक परीक्षकको नाम :

दस्तखत :

संस्थाको नाम (यदि संस्था भएमा) :

मितिः



Scanned with CamScanner

अनुसूची- ३

(बुदा १०.३ सँग सम्वन्धित)

................विषयगत शाखा/गैर सरकारी सँस्था

बरहथवा नगरपालिकाको कार्यालय

सामाजिक परीक्षकको प्रतिवेदन

(बृहत छलफलमा प्रस्तुत गरिने)

१. विषयगत कार्यालय/ गैर सरकारी संस्था को नाम :

२. लक्ष्य

क.

ख.

ग.

घ.

३. मूख्य उद्देश्य बुँदागत रूपमा लेख्ने)

क.

ख.

ग.

घ.

४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम/आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

५. सरोकारवाला पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू (बुँदागत रूपमा प्रस्तुत गर्ने) :

क.

ख.

ग.

घ



Scanned with CamScanner

सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुँदागत रूपमा लेख्ने) : क.
ख.
ग.
घ.
८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू (बुँदागत रूपमा लेख्ने)
क.
ख.
ग.
घ.

सामाजिक परीक्षकको नाम :

दस्तखत :

संस्थाको नाम ( यदि सस्था भएमा) :

मितिः



Scanned with CamScanner

## अनुसूची-४

(बुदा ११ सँग सम्वन्धित)

## सामाजिक परीक्षकले सम्वन्धित बरहथवा नगरपालिकाको प्रमुख समक्ष पेश गर्ने प्रतिवेदनको ढाँचा

श्री .....................................

.............................................

१. पृष्ठभूमि

२. सामाजिक परीक्षणको उद्देश्य

३. अध्ययन विधि

४. अध्ययनको सीमा

५. बृहत् छलफल कार्यक्रमको विवरण

क) मिति : ख) स्थान : ग) समय :

६. बरहथवा नगरपालिका र विषयगत शाखा/गैर सरकारी संस्थाको विवरण संलग्न राख्ने ( अनुसूची-२ र ३ )

७. सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु ( बुँदागत रुपमा लेख्ने)

८. सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा कमी कमजोरीहरु ( बुँदागत रुपमा लेख्ने)

९. सामाजिक जिम्मेवारी पुरा गर्न नगरपालिकाले चाल्नु पर्ने कदमहरु वा सुझावहरु :-

सामाजिक परीक्षकको नाम :

दस्तखत :

संस्थाको नाम (यदि सँस्था भएमा) :

मितिः

**<u>प्रमाणिकरण गर्नेको</u> :**

**दस्तखत :**

**नाम थर :** ऋद्धि प्रकाश सिटौला

**दर्जा :** प्रमुख प्रशासकीय अधिकृत

**पृष्ठ संख्या :** २०

**मिति :** २०८१/०४/०२

**कार्यालयको छाप :**



Scanned with CamScanner